# बागमती प्रदेश सरकार
# स्वास्थ्य मन्त्रालय

पत्र सङ्ख्याः- २०८०/०८१
चलानी नम्बरः- १३५

हेटौंडा, नेपाल

मितिः- २०८०/०४/२४

विषय : महामारी सम्बन्धि कार्यक्रमहरुको मार्गदर्शन सम्बन्धमा।

श्री जनस्वास्थ्य प्रयोगशाला,
श्री अस्पताल (१३ वटै),
श्री स्वास्थ्य कार्यालय (१३ वटै),
बागतमी प्रदेश, नेपाल।

प्रस्तुत विषयमा तहाँ कार्यालयमा चालु आ.व.२०८०/०८१ को स्वीकृत बार्षिक कार्यक्रम कार्यान्वयन गर्न देहाय बमोजिमका कार्यक्रमको मार्गदर्शन यस मन्त्रालय (माननीय मन्त्रीस्तर) को मिति २०८०/०४/२२ गतेको निर्णयानुसार स्वीकृत भएको व्यहोरा अनुरोध छ।

देहायः-

क) जनस्वास्थ्य प्रयोगशाला-

- महामारी नियन्त्रणका लागि RRT परिचालन तथा प्रतिकार्य तथा लजिस्टिक्स व्यवस्थापन- PLMBIS Code : २.७.२२.९ ;
- महामारी प्रतिकार्यका लागि प्रयोगशालाकर्मीको परिचालन; PLMBIS Code २.७.२२.५६६

ख) स्वास्थ्य कार्यालयः महामारी नियन्त्रणका लागि RRT परिचालन तथा प्रतिकार्य तथा लजिस्टिक्स ब्यवस्थापन; PLMBIS Code २.७.२२.९

ग) अस्पतालः महामारी नियन्त्रणका लागि EMT र RRT परिचालन/ महामारी नियन्त्रणका लागि EMT र RRT परिचालन प्रतिवेदन; PLMBIS Code २.७.२२.१८३

२०८०/४/२४
डा. रबिन भुषाल
आयुर्वेद चिकित्सक

वोधार्थः-
श्री स्वास्थ्य निर्देशनालय, बागमती प्रदेश।

# आ.व. २०८०/८१ मा स्वास्थ्य मन्त्रालय र मातहतका कार्यालयहरूबाट सञ्चालन गरिने कार्यक्रम कार्यान्वयन मार्गदर्शन

महामारी नियन्त्रणका लागि RRT परिचालन तथा प्रतिकार्य तथा लजिस्टिक्स व्यवस्थापन (स्वास्थ्य कार्यालयहरू)

| PLMBIS Code | खर्च शीर्षक | लक्ष्य | इकाइ | विनियोजित रकम (रू. हजारमा) | समयावधि (त्रैमासिक) |
|---|---|---|---|---|---|
| २.७.२२.९ | २२५२२ | जिल्ला अनुसार | पटक | ७८०० | पहिलो, दोस्रो, तेस्रो, चौथो |

| शीर्षक | विवरण |
|---|---|
| उद्देश्य | प्रदेश भित्र विभिन्न समयमा देखापरेका महामारी रोकथाम तथा प्रकोपजन्य रोगहरूको नियन्त्रणका लागि विपद् व्यवस्थापन तथा RRT परिचालन गर्ने र प्रतिवेदन तयार गर्ने । |
| सञ्चालन प्रक्रिया | १. द्रुत प्रतिकार्य टोली तथा आपत्कालीन चिकित्सकीय समूह परिचालन सम्बन्धी निर्देशिका, २०७९ अनुसार Rapid Response Team को गठन गरी आवश्यकता अनुसार परिचालन गर्ने ।<br>२. अस्पताल तथा प्रादेशिक स्वास्थ्य आपत्कालीन कार्यसञ्चालन केन्द्रसँगको समन्वयमा रोगको प्रकोप तथा महामारी भएको यकिन गर्ने ।<br>३. जनस्वास्थ्य सेवा ऐन २०७५ को दफा ४८ मा रही आपतकालीन स्वास्थ्य सेवा तथा द्रुत प्रतिकार्य टोली परिचालन गर्ने ।<br>४. RRT Team परिचालन पश्चात् प्रतिवेदन तयार गर्ने ।<br>५. जिल्ला भित्र देखा परेका महामारी जन्य रोगहरू, प्राकृतिक प्रकोपका घटना तथा RRT परिचालन गरिएका कार्यहरूको विस्तृत प्रतिवेदन तयार पर्ने ।<br>६. महामारी रोकथाम तथा व्यवस्थापनका लागि चाहिने अति आवश्यक केमिकल्स, Diagnostics kits, Reagents, औषधि तथा अन्य उपकरणहरू बफर स्टकमा नभएमा तत्काल आवश्यक परेमा प्रचलित नियामानुसार खरिद गर्न सकिनेछ।<br>७. संस्थागत व्यवस्थाहरू र संयन्त्र स्थापना गरी विपद् जोखिम न्यूनीकरण र जनस्वास्थ्य आपत्कालीन अवस्थाको रोकथाम, पहिचान, प्रतिवेदन र प्रतिकार्यसँग सम्बन्धित कार्यक्रमहरूको कार्यान्वयन गर्ने । |

<table>
<tr><td></td><td>८. सूचना व्यवस्थापनका लागि RRT Focal Person लाई प्रदेश सार्वजनिक खर्चको मापदण्ड २०७८ अनुसार, संचार खर्च बापत बढीमा प्रति महिना रु. ५०० सम्म खर्च गर्न पाइनेछ ।<br>९. महामारीको प्रकृति अनुसार थप विज्ञ तथा प्राविधिकहरूलाई परिचालन गर्न सकिनेछ।<br>१०. विपद् जोखिम न्यूनीकरण सम्बन्धी विभिन्न अभियानहरू सञ्चालन गर्न सहयोग गर्ने तथा योजना तर्जुमा गर्ने ।<br>११. कार्यक्रम सञ्चालन कार्यविधि अनुसार प्रदेश मातहत बाहेक अन्य सरकारी, गैह्रसरकारी, गैरनाफामूलक तथा सामुदायिक अस्पतालहरूसँग समन्वय गर्ने ।<br>१२. यसै अन्तर्गत स्रोतसाधनको पहिचान गर्न समन्वयकारी भूमिका खेल्ने तथा आवश्यक सहयोग प्रदान गर्ने ।<br>१३. स्वास्थ्यसँग सम्बन्धित सरोकारवाला र संघसंस्थालाई समेत परिचालन गर्न सकिनेछ ।<br>१४. नियमित प्रगति विवरण समीक्षा तथा योजना तर्जुमा गोष्ठी सञ्चालन गर्ने ।</td></tr>
<tr><td>कार्यान्वयन गर्ने निकाय</td><td><table><tr><td>क्र. स.</td><td>कार्यालयको नाम</td><td>निकायगत बजेट (रु. हजारमा)</td><td>जम्मा बजेट (रु. हजारमा)</td></tr><tr><td>१.</td><td>स्वास्थ्य कार्यालय (१३)</td><td>प्रति कार्यालय ६००</td><td>७८००</td></tr></table></td></tr>
<tr><td>बजेट बाँडफाँट</td><td>नेपाल/प्रदेश सरकारको प्रचलित आर्थिक ऐन, नियम र खर्च मापदण्ड अनुसार बजेटको परिधिभित्र रही खर्च योजना तयार गरी अग्रिम स्वीकृत गराएर कार्यक्रम सञ्चालन गर्ने व्यवस्था गर्नुपर्नेछ।</td></tr>
<tr><td>अपेक्षित उपलब्धि</td><td>प्रदेश भित्र विभिन्न समयमा देखा महामारी रोकथाम तथा प्रकोपजन्य रोगहरूको नियन्त्रणका लागि विपद् व्यवस्थापन तथा RRT परिचालन हुने र प्रतिवेदन तयार हुनेछ ।</td></tr>
<tr><td>अनुगमन र मूल्याङ्कन</td><td>स्वास्थ्य कार्यालयबाट भएका कार्यक्रमको अनुगमन मूल्याङ्कन स्वास्थ्य निर्देशनालय र स्वास्थ्य मन्त्रालयले गर्नेछन् ।</td></tr>
<tr><td>प्रतिवेदन प्रणाली</td><td>क्रियाकलाप सम्पन्न भएपश्चात् कार्य सम्पन्न प्रतिवेदन त्रैमासिक रुपमा स्वास्थ्य निर्देशनालय तथा स्वास्थ्य मन्त्रालयमा पठाउनुपर्नेछ ।</td></tr>
</table>

बद्री बहादुर खड्का
सचिव

महामारी नियन्त्रणका लागि **EMT** र **RRT** परिचालन/ महामारी नियन्त्रणका लागि **EMT** र **RRT** परिचालन प्रतिवेदन (अस्पतालहरू)

| PLMBIS Code | खर्च शीर्षक | लक्ष्य | इकाइ | विनियोजित रकम (रू. हजारमा) | समयावधि (त्रैमासिक) |
|---|---|---|---|---|---|
| २.७.२२.१८३ | २२५२२ | अस्पताल अनुसार | पटक | ५२०० | पहिलो, दोस्रो, तेस्रो, चौथो |

<table>
<tr><th>शीर्षक</th><th>विवरण</th></tr>
<tr><td>कार्यान्वयन गर्ने निकाय</td><td>
<table>
<tr><td>१.</td><td>अस्पताल(५): सिन्धुली, त्रिशुली, धादिङ, हेटौंडा, भक्तपुर ,</td><td>प्रति अस्पताल ६००</td><td>३०००</td></tr>
<tr><td>२.</td><td>अस्पताल(६):<br>पशुपति चौलागाई, जिल्ला अस्पताल रामेछाप , मेथिनकोट, सिन्धुपाल्चोक, बज्रबाराही, टोखा</td><td>प्रति अस्पताल ३०० <del>१६००</del></td><td>१८००</td></tr>
<tr><td>३.</td><td>अस्पताल(२) :<br>रसुवा र बकुलहर रत्ननगर</td><td>प्रति अस्पताल २००</td><td>४००</td></tr>
</table>
</td></tr>
<tr><td>उद्देश्य</td><td>१. प्रदेशभित्र विभिन्न समयमा देखा पर्ने महामारीजन्य रोगको आउटब्रेक तथा अन्य सम्भावित माहामारीको समयमा Emergency Medical Team र Rapid Response Team परिचालन गर्ने ।</td></tr>
<tr><td>सञ्चालन प्रक्रिया</td><td>१. अस्पताल, प्रदेशिक स्वास्थ्य आपत्कालीन सञ्चालन केन्द्र र स्वास्थ्य कार्यालयसँग समन्वयमा रही महामारी तथा आउटब्रेक भएको यकिन गर्ने।<br>२. प्रत्येक अस्पतालले Hospital Emergency Disaster Preparedness and Response Plan बनाई अनिवार्य रुपमा लागू गर्नुपर्नेछ। उक्त कार्यका लागि विषय विज्ञको आवश्यकता भए यसैबाट सेवा परामर्शमार्फत गर्न सकिनेछ।<br>३. प्रकोपको व्यवस्थापनका लागि Rapid Response Team (RRT) सँगै फिल्डमा खटिने स्वास्थ्यकर्मीहरूलाई दोहोरो नपर्ने गरी यसै शीर्षकबाट दैनिक भ्रमण खर्च उपलब्ध गराउन</td></tr>
</table>

बागमती प्रदेश सरकार स्वास्थ्य मन्त्रालय हेटौंडा, नेपाल

| | |
|---|---|
| | बाधा पर्नेछैन।<br>४. Rapid Response Team (RRT) र Emergency Medical Team (EMT) परिचालन पश्चात् प्रतिवेदन तयार गर्नुपर्दछ। साथै वर्षको अन्तमा अस्पतालले महामारी, प्राकृतिक प्रकोपका घटना आदिमा गरेका कार्यहरू समेटी विस्तृत प्रतिवेदन तयार गरी स्वास्थ्य निर्देशनालयमा प्रतिवेदन पेश गर्नुका साथै सम्बन्धित अस्पतालको website मा प्रकाशित गर्नुपर्नेछ ।<br>५. Rapid Response Team (RRT) परिचालन गर्दा स्वास्थ्य कार्यालयसँगको समन्वयमा गर्नुपर्दछ।<br>६. अस्पतालमा ड्रिल अभ्यास शीर्षकमा बजेट नभएको अवस्थामा यसैबाट पनि सञ्चालन गर्न बाधा पर्नेछैन।<br>७. सूचना व्यवस्थापनका लागि सञ्चार खर्चबापत फोकल पर्सनले बढीमा प्रति महिना पाँच सयसम्म खर्च गर्न पाउनेछ । |
| बजेट बाँडफाँट | नेपाल सरकार/प्रदेश सरकारको प्रचलित आर्थिक कार्यविधि ऐन र नियमावली तथा सार्वजनिक खरिद ऐन, नियमावली र खर्च मापदण्ड अनुसार स्वीकृत बजेटको परिधिभित्र रही खर्च योजना र बजेट बाँडफाँट फोकल पर्सनले तयार गरी पेश गर्ने र सो खर्च योजना र बजेट बाँडफाँट लेखाको राय लिई कार्यालय प्रमुखबाट अग्रिम स्वीकृत गराई मात्र खर्च गर्नुपर्नेछ। |
| अपेक्षित उपलब्धि | प्रदेश भित्र विभिन्न समय समयमा देखा पर्ने महामारी तथा आउटब्रेकमा सम्भावित कारणको अस्पताल निदान गर्न Emergency Medical Team र Rapid Response Team परिचालन भएको हुनेछ । |
| अनुगमन र मूल्याङ्कन | अस्पतालबाट भएका कार्यक्रमको अनुगमन र मूल्याङ्कन स्वास्थ्य मन्त्रालय र स्वास्थ्य निर्देशनालयले गर्नेछन् । |
| प्रतिवेदन प्रणाली | क्रियाकलाप सम्पन्न भएपश्चात् कार्य सम्पन्न प्रतिवेदन त्रैमासिक रुपमा पेश गर्नुपर्नेछ । |

बद्री बहादुर खड्का
सचिव

महामारी नियन्त्रणका लागि RRT परिचालन तथा प्रतिकार्य तथा लजिस्टिक्स व्यवस्थापन (जनस्वास्थ्य प्रयोगशाला)

| PLMBIS Code | खर्च शीर्षक | लक्ष्य | इकाइ | विनियोजित रकम (रू. हजारमा) | समयावधि (त्रैमासिक) |
|---|---|---|---|---|---|
| २.७.२२.९ | २२५२२ | २ | जना | ६०० | दोस्रो |

| शीर्षक | विवरण |
|---|---|
| उद्देश्य | प्रदेशभित्र विभिन्न समयमा देखापर्ने महामारी तथा आउटब्रेकका लागि प्रयोगशालासम्बन्धी रिएजेन्ट तथा सामग्रीको Buffer Stock व्यवस्था गर्ने। |
| सञ्चालन प्रक्रिया | १. जनस्वास्थ्य प्रयोगशालाको RRT फोकल पर्सन तोकी स्वास्थ्य मन्त्रालय र मातहतका निकायहरूमा जानकारी पठाउने।<br>२. महामारी व्यवस्थापनका लागि Reagent लगायतका सामग्रीहरू Buffer Stock नभएमा र तत्काल आवश्यक परेमा Rapid Response Team बैठकबाट स्वीकृत गरी खरिद गर्न बाधा पर्नेछैन ।<br>३. स्वास्थ्य कार्यालय तथा अस्पतालहरूले महामारीको समयमा प्राविधिक सहयोग माग गरेमा समेत यसै शीर्षकबाट RRT परिचालन गर्न सकिनेछ ।<br>४. आवश्यक रियाजेन्टलगायतका लजिस्टिक्सका लागि प्राथमिकता दिई बजेट बाडँफाँट गरी स्वीकृत गर्नुपर्नेछ।<br>५. Rapid Response Team (RRT) परिचालन पश्चात् प्रतिवेदन तयार गर्नुपर्दछ । साथै वर्षको अन्तमा प्रदेशभित्र देखा परेका महामारी, प्राकृतिक प्रकोपका घटना, उल्लेख गरी कार्यहरू समेटी विस्तृत प्रतिवेदन तयार पार्नु पर्नेछ।<br>६. कार्यक्रम दोस्रो त्रैमासिकमा भए तापनि आवश्यक परेमा पहिलो त्रैमासिकमै कार्य गर्न सकिनेछ । |
| कार्यान्वयन गर्ने निकाय | जनस्वास्थ्य प्रयोगशाला |
| बजेट बाँडफाँट | नेपाल/प्रदेश सरकारको प्रचलित आर्थिक ऐन र नियम अनुसार बजेटको परिधिभित्र रही मापदण्ड बमोजिम खर्च योजना तयार गरी अग्रिम स्वीकृत गराएर खर्च गर्ने व्यवस्था गर्नु पर्दछ। |
| अपेक्षित उपलब्धि | प्रदेश भित्र विभिन्न समयमा देखापर्ने महामारी तथा आउटब्रेकका लागि प्रयोगशालासम्बन्धी रिएजेन्ट तथा सामग्रीको Buffer Stock व्यवस्था भएको हुनेछ। |
| अनुगमन र मूल्याङ्कन | कार्यक्रमको अनुगमन मूल्याङ्कन स्वास्थ्य मन्त्रालयले गर्नेछ। |
| प्रतिवेदन तयारी | क्रियाकलाप सम्पन्न भएपश्चात् कार्य सम्पन्न प्रतिवेदन त्रैमासिक रुपमा स्वास्थ्य मन्त्रालयमा पठाउनुपर्नेछ । |



बद्री बहादुर खड्का
सचिव

बागमती प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
हेटौंडा, नेपाल

**महामारी प्रतिकार्यका लागि प्रयोगशालाकर्मीको परिचालन (जनस्वास्थ्य प्रयोगशाला)**

| PLMBIS Code | खर्च शीर्षक | लक्ष्य | इकाइ | विनियोजित रकम (रू. हजारमा) | समयावधि (त्रैमासिक) |
|---|---|---|---|---|---|
| २.७.२२.५६६ | २२५२२ | ५ | पटक | ५०० | पहिलो, दोस्रो, तेस्रो, चौथो |

| शीर्षक | विवरण |
|---|---|
| उद्देश्य | प्रदेशभित्र विभिन्न समयमा देखापर्ने महामारी तथा आउटब्रेकको समयमा प्रयोगशाला सेवाका लागि प्रयोगशालाकर्मी परिचालन गर्ने । |
| सञ्चालन प्रक्रिया | १. अस्पताल र स्वास्थ्य कार्यालयसँग समन्वयमा रही महामारी तथा आउटब्रेक भएको यकिन गर्ने । आवश्यकता अनुसार समन्वयमा टिम परिचालन गर्ने ।<br>२. जनस्वास्थ्य प्रयोगशालाको RRT फोकल पर्सन तोकी स्वास्थ्य मन्त्रालय र मातहतका निकायहरूमा जानकारी पठाउने।<br>३. स्वास्थ्य कार्यालयले महामारीको समयमा प्राविधिक सहयोग माग गरेमा समेत यसै शीर्षकबाट RRT परिचालन गर्न सकिनेछ ।<br>४. सूचना व्यवस्थापनका लागि सञ्चार खर्च बापत फोकल पर्सनलाई बढीमा प्रति महिना पाँच सयसम्म खर्च गर्न सकिनेछ।<br>५. Rapid Response Team (RRT) परिचाल पश्चात् प्रतिवेदन तयार गर्नुपर्दछ । साथै वर्षको अन्तमा प्रदेशभित्र देखा परेका महामारी, प्राकृतिक प्रकोपका घटना, उल्लेख गरी कार्यहरू समेटी विस्तृत प्रतिवेदन तयार पार्नु पर्नेछ। |
| कार्यान्वयन गर्ने निकाय | जनस्वास्थ्य प्रयोगशाला |
| बजेट बाँडफाँट | नेपाल/प्रदेश सरकारको प्रचलित आर्थिक ऐन र नियम अनुसार बजेटको परिधिभित्र रही मापदण्ड बमोजिम खर्च योजना तयार गरी अग्रिम स्वीकृत गराएर खर्च गर्ने व्यवस्था गर्नु पर्दछ। |
| अपेक्षित उपलब्धि | महामारी नियन्त्रणका लागि प्रयोगशालाकर्मी तयारी अवस्थामा रही परिचालित हुनेछ। |
| अनुगमन र मूल्याङ्कन | जनस्वास्थ्य प्रयोगशालाबाट भएको कार्यक्रमको अनुगमन मूल्याङ्कन स्वास्थ्य मन्त्रालयले गर्नेछ। |
| प्रतिवेदन तयारी | क्रियाकलाप सम्पन्न भएपश्चात् कार्य सम्पन्न प्रतिवेदन त्रैमासिक रुपमा स्वास्थ्य मन्त्रालयमा पठाउनुपर्नेछ । |

बद्री बहादुर खड्का
सचिव